# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०२-२०८०/०८१

मिति २०८०/०४/३२ समय: बिहान ०८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८०/०४/३२ | वैठक संख्याः ०२-२०८०/०८१

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. स्पेशिफिकेशन स्वीकृत गर्ने सम्बन्धमा
३. प्रतिवेदन र राय प्रतिक्रिया सम्बन्धमा
४. खरिद गुरुयोजना र खरिद योजना सम्बन्धमा
५. वार्षिक कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा
६. दररेट विश्लेषण (Rate analysis) सम्बन्धमा
७. खेलमैदान जग्गा, गाउँपालिका भवन र सि.टी. हल कम्पाउण्ड जग्गा सम्बन्धमा
८. जगन्नाथ शान्तिकुञ्ज र मदन आश्रित बहुउद्देश्यीय पार्क सम्बन्धमा
९. गाउँपालिकाको एकिकृत गुरुयोजना सम्बन्धमा
१०. सवारी साधन मर्मत र इन्धन सम्बन्धमा
११. माटो उत्खननको जरिवाना सम्बन्धमा
१२. लोक कल्याणकारी विज्ञापन मापदण्ड सम्बन्धमा
१३. वडा कार्यालयलाई/वडा समितिलाई मार्गदर्शन सम्बन्धमा
१४. गाउँपालिका कार्य सञ्चालन निर्देशिका २०७९ संशोधन सम्बन्धमा
१५. देवघाट गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ संशोधन सम्बन्धमा
१६. सरकारी र सार्वजनिक प्रकृतिको जग्गा विवरण सम्बन्धमा
१७. धर्मार्थ अस्पतालमा मेडिकल अधिकृत पारिश्रमिक सम्बन्धमा
१८. देवघाट गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा
१९. राहत सम्बन्धमा
२०. सहयोग माग सम्बन्धमा
२१. मापदण्ड विपरित घर निर्माण रोक्ने सम्बन्धमा
२२. नमूना विद्यालय सम्बन्धमा
२३. मदमार्गको ठेक्का सम्बन्धमा

निल बहादुर थापा
अध्यक्ष

प्रमेश सनेरी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका वैठकको निर्णय कार्यान्वयन प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** चालु आ.व. मा खरिद गरिने तपसिल अनुसारका सवारी साधन, मेशिनरी उपकरणको स्पेशिफिकेशन स्वीकृत गरियो र खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिइयो ।

**तपसिल**

१. ब्याक हो लोडरः- १
२. ट्याक्टरः- १
३. मोटरसाइकलः- ३
४. स्कुटरः- १
५. पोर्टेवल अल्ट्रासाउण्ड मेसिनः- १

**निर्णय नं. ३:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको प.सं. २०७९/८० च.नं. ६७५२४ मिति २०८०/०३/२६ को पत्रमा उल्लेखित ब्यहोरामा अनुगमन तथा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न मिति २०८०/०४/११ को कार्यपालिका वैठकको निर्णय अनुसार गठन भएको समितिले दिएको प्रतिवेदन प्राप्त भई छलफल भयो । सो प्रतिवेदन समेतको आधारमा तपसिल अनुसारका कागजात तथा राय प्रतिक्रिया अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरामा पठाउने निर्णय गरियो ।

**तपसिल**

१. देवघाटबाट साउने हुँदै फोस्रेपानी, कर्तप जाने बाटोमा परेका रुखहरु विना टेण्डर कटान भएको सम्बन्धमा सामुदायिक वनहरुसँग बुझ्दा साउने क्षेत्रमा थाकल घारी र फोस्रेपानी कर्तप खण्डमा पुरानो बाटोमा नाङ्गो डाँडामा बाबियो घारी भएकोले आ.व. २०७८/०७९ मा स्तरोन्नतीको काममा ग्याविन राख्ने बाटो सफा गर्ने काम भएको र कर्तप बाटो भिरपाखा र खरबारी मात्र भएकोले रुख कटानी फडानी नभएको पाइयो । तसर्थ साउने हुँदै फोस्रेपानी, कर्तप जाने बाटोमा परेका सामुदायिक वन उपभोक्ताहरु सँग बुझ्दा खरघारी, थाकल घारी, वनमारा घारी र अन्य मसिना बुट्यानहरु भएको जानकारी पाइएको साथै उक्त बाटोको लागत इष्टिमेट तयार गर्ने समयमा रुख नदेखिएको तथा लागत इष्टिमेटमा र मूल्यांकन तथा नापी विवरणमा पनि रुख उल्लेख नभएको पाइएकोले बाटो निर्माणको समयमा रुख कटान नभएको पाइयो ।
२. वडा कार्यालय/चक्रवर्ती प्रा.वि. अन्यत्र सारेको सम्बन्धमा साविक देवघाट स्वास्थ्य चौकीले चर्चि आएको जग्गामा वडा नं. ५ वडा कार्यालयको अस्थायी भवन रहेकोमा उक्त जग्गामा नेपाल सरकारको नीति अनुसार एक स्थानिय तह एक आधारभूत अस्पताल भन्ने नीति अनुसार १० शैया अस्पतालको भवन निर्माणाधिन भएको, ५ नं. वडा कार्यालयलाई चक्रवर्ती प्रा.वि.को निश्चित क्षेत्रमा सिमा निर्धारण भई वडा कार्यालय निर्माणाधिन रहेको छ र चक्रवर्ती प्रा.वि. अन्यत्र सारेको छैन ।
३. देवघाट क्षेत्र भित्रको आ.व. २०७४/०७५ देखि २०७८/०७९ सम्मको बाटो विस्तासँग सम्बन्धित सम्पूर्ण कागजातहरु कार्यालयबाट पेश भई अध्ययन भयो । अध्ययन गर्दा सम्झौता भएका तथा प्राविधिकले तयार गरेका र स्वीकृति तथा प्रमाणित भएका लागत अनुमान, नापी तथा मूल्यांकन, कार्यसम्पन्न रिपोर्टको आधारमा सम्बन्धित शाखा / इकाईबाट भुक्तानीको लागि पेश भएको कागजात तथा

गोश्वारा भौचर अनुसार भुक्तानी भएको पाईयो । साथै वडा कार्यालयको सिफारिस र आवश्यकता अनुसार गरिएका अनुगमनलाई पनि भुक्तानीको लागि आधार लिइएको पाइयो । उपरोक्तानुसार बाटो विस्तारसँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि पठाउने निर्णय गरियो ।

४. देवघाट गाउँपालिका वडा नं. ५ भित्रको बाटो निर्माण र खेलकुद मैदान निर्माण सम्बन्धमा देवघाट गाउँपालिका भित्रको बाटो र खेलकुद मैदान निर्माणमा प्राविधिक लागत इष्टिमेट, नापी तथा मूल्यांकन अनुसार भएको पाइयो ।

५. सरकारी जंगल फडानी गरी सुकुम्बासीको नाममा जग्गा वितरण गरेर प्रति परिवार रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैंया मात्र) लिएको सम्बन्धमा बुझ्दा सर्जमिन मुचुल्का समेतको आधारमा त्यस्ता काम नभएको पाइयो ।

समग्रमा देवघाट गा.पा. भित्रका सबै बाटोहरु, खेलकुद मैदान निर्माण गर्नु पूर्व प्राविधिक फिल्ड अनुगमन गरी लागत अनुमान पश्चात मात्र निर्माण कार्य शुरु हुन्छ । निर्माण कार्य सम्पन्न भएपछि प्राविधिक नापजाँच, मूल्यांकन एवं आवश्यकता अनुसार अनुगमन, वडा कार्यालयको सिफारिस सहित प्रतिवेदन तयार भएपछि बजेट निकाशा भएको पाइयो ।

**निर्णय नं. ४:** चालु आ व. २०८०/८१ को लागि खरिद गुरुयोजना र खरिद योजना स्वीकृत गरियो ।

**निर्णय नं. ५:** चालु आ.व. २०८०/८१ को वार्षिक कार्यान्वयन कार्य योजना स्वीकृत गरियो ।

**निर्णय नं. ६:** चालु आ.व. २०८०/८१ को दररेट विश्लेषण (Rate Analysis) स्वीकृत गरियो ।

**निर्णय नं. ७:** वडा नं. ५ क्यूदीमा निर्माणाधिन गाउँपालिका भवनको चारै तिर र बहुउद्धेश्यीय सभाहल (CT) हलको चारै तिर कम्पाउण्ड तारबार गर्नुपर्ने भएकोले जग्गा सुनिश्चित गरी पठाउन वडा नं. ५ वडा कार्यालयलाई निर्देशन दिइयो ।

**निर्णय नं. ८:** वडा नं. ५ कालिमाटी भन्ने ठाउँमा रहेको जग्गामा तपसिल अनुसारका संस्थाहरुसँग सार्वजनिक प्रयोजनको लागि पूर्वाधार निर्माण गर्न सम्झौता गरिएकोमा हालसम्मको भौतिक प्रगति, आर्थिक श्रोत, लेखापरीक्षण, लगायत विधानमा भएका प्रावधानहरु र सम्झौता अनुसारका प्रावधानहरु पालना भए नभएको सम्बन्धमा अध्ययन गरि सो को प्रगतिको आधारमा सम्झौता तोड्ने वा सम्झौता कति समयको लागि थप गर्ने विषयमा सरोकारवाला, स्थानीयबासीसँग छलफल गरी वडा समितिको निर्णय गरी पेश गर्न वडा नं. ५ वडा कार्यालयलाई निर्देशन दिइयो ।

तपसिल

क) जगन्नाथ शान्तिकुञ्ज
ख) मदन आश्रित बहुउद्देश्यीय पार्क

**निर्णय नं. ९:** देवघाट गाउँपालिकामा जलस्रोत, कृषि, पर्यटन, खानेपानी, सरसफाई तथा स्वस्छता लगायत विविध दीर्घकालिन आयामहरु समेटेर देवघाट गाउँपालिकाको एकिकृत गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १०:** गाउँपालिकाको गाडी मोटरसाइकल तथा स्कुटर र शाखा/इकाई प्रमुखको निजी मोटरसाइकल तथा स्कुटरको लागि गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका बमोजिमको इन्धन हाल कुपन मार्फत उपलब्ध गराई पेट्रोल पम्पलाई एक मुष्ठ भुक्तानी दिने निर्णय गरियो । साथै उक्त सवारी साधनहरु हाल छ महिनाको लागि गाउँपालिकाबाट नजिकमा रहेका वर्कशप /मर्मत केन्द्रबाट मर्मत संभार गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ११:** गत आ.व. २०७९/८० मा माटो उत्खनन् गर्न अनुमति दिइएका फर्म/ब्यक्तिलाई लगाइएको जरिवाना हालसम्म प्राप्त नभएकोले जरिवाना रकम जम्मा गर्न सहजिकरण गर्न वडा नं. ५ वडा कार्यालयलाई लेखि पठाइएकोमा हाल सम्म पनि रकम प्राप्त नभएको जानकारी भयो । यथाशिघ्र रकम जम्मा गर्न लगाउन थप ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** गाउँकार्यपालिकाको कार्यालयको लिखित रुपमा विज्ञापन आदेश विना लोककल्याणकारी विज्ञापन राखि भुक्तानी माग गर्ने पत्रपत्रिका तथा रेडियो, अनलाइन मिडियालाई भुक्तानी नदिने निर्णय गरियो । साथै लोककल्याणकारी विज्ञापनमा स्थानीय पत्रपत्रिका रेडियो तथा अनलाइन मिडियालाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** वडा कार्यालयलाई प्रत्यायोजित अधिकार प्रयोग गर्न तयार गरिएको मार्ग दर्शन स्वीकृत गरियो ।

**निर्णय नं. १४:** गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०७९ मा प्रथम संशोधन २०८० स्वीकृत गरियो ।

**निर्णय नं. १५:** देवघाट गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ मा प्रथम संशोधन २०८० स्वीकृत गरियो ।

**निर्णय नं. १६:** सरकारी र सार्वजनिक प्रकृतिको जग्गा विवरण तयार गरि पठाउन वडा समितिलाई निर्देशन गरियो ।

**निर्णय नं. १७:** धर्मार्थ अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई थप २०,०००।– (अक्षरुपी बीस हजार रुपैया मात्र) उपलब्ध गराउँदै आएकोमा चालु आ.व. २०८०/८१ मा खाजा खाना खर्च समेत मासिक एक मुष्ठ रु. २५,०००।–(अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** देवघाट गाउँपालिकाको ब्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि २०८० स्वीकृत गरियो ।

**निर्णय नं. १९:** तपसिल बमोजिमको ब्यक्तिहरुलाई राहत दिने निर्णय गरियो ।

तपसिल

क) वडा नं. २ को कल्पना थापा: मुटु रोग उपचार राहत रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र)
ख) वडा नं. २ सानुभञ्ज्याङ खानेपानी योजनाको ट्याङ्की र पाइपमा क्षति भएको विपद् उद्धार राहत शीर्षकबाट इष्टिमेट अनुसार मर्मत सम्भार गर्ने ।
ग) वडा नं. २ राकुली खानेपानी आयोजना पहिरोले क्षति पुर्याएको ले लागत इष्टिमेट अनुसार विपद्, राहत तथा उद्धार शीर्षकबाट मर्मत सम्भार गर्ने ।

बहादुर थापा

**निर्णय नं. २०:** वडा नं. १ र ५ को वडा कार्यालय भवन कम्पाउण्डको लागि सहयोग उपलब्ध गराइदिन जिल्ला समन्वय समिति तनहुँमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:** मापदण्ड पालना नगरी नयाँ घर नक्सा पास नगरी घर निर्माण गर्ने काम रोक्न सबै सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिइयो ।

**निर्णय नं. २२:** नमूना विद्यालय छनोट गर्नको लागि प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:** संघीय समपुरक वजेट रु. ८०,००,०००।– (अक्षरुपी असि लाख रुपैया) र गाउँपालिकाको वजेटबाट कालिगण्डकी नदी हर्दि पुल हुँदै वेणी संगम त्रिशुली नदी तर्फ दासढुङ्गा पद मार्ग पैदल मार्ग बनाउन गाउँपालिकाको तर्फबाट रु. ८०,००,०००।– (अक्षरुपी असि लाख रुपैया मात्र) विनियोजन भएकोमा पूँजीगत भैपरी शीर्षकबाट रु. ४५,००,०००।– (अक्षरुपी पैंतालिस लाख रुपैया मात्र) थप गरी १,२५,००,०००।– (अक्षरुपी एक करोड पच्चीस लाख रुपैया मात्र) कायम गरी कुल रु. २,०५,००,०००।– (अक्षरुपी दुई करोड पाँच लाख रुपैया मात्र) को ठेक्का गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष